# स्वास्थ्य आपूर्ति श्रृंखला व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# स्वास्थ्य आपूर्ति श्रृङ्खला व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८

प्रस्तावना: गण्डकी प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहार्थ आवश्यक औषधी तथा स्वास्थ्य सामग्री एवं उपकरण व्यवस्थापनका लागि योजना तर्जुमा, खरिद, भण्डारण, वितरण, पुनरावलोकन, मूल्याङ्कन, सरोकारवालाहरुबीच संवाद तथा समन्वय, सुव्यवस्थित सूचना प्रणाली लगायतका कार्यलाई व्यवस्थापन गर्न जिम्मेवार निकायका अधिकारी तथा विज्ञहरू सम्मिलित समिति गठन गरी आपूर्ति श्रृंखला व्यवस्थापन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन वाञ्छनीय भएकाले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद —१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "स्वास्थ्य आपूर्ति श्रृंखला व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८" रहनेछ ।

(२) यो मापदण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम प्रदेश तथा जिल्लामा गठित आपूर्ति श्रृंखला व्यवस्थापन समितिका अध्यक्ष बुझ्नुपर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम प्रदेश तथा जिल्लामा गठित आपूर्ति श्रृंखला व्यवस्थापन समिति बुझ्नुपर्छ ।

(ग) "मापदण्ड" भन्नाले "स्वास्थ्य आपूर्ति श्रृंखला व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८" बुझ्नुपर्छ ।

(घ) "सदस्य सचिव" भन्नाले दफा ३ बमोजिम प्रदेश तथा जिल्लामा गठित आपूर्ति श्रृंखला व्यवस्थापन समितिका सदस्य सचिव बुझ्नुपर्छ ।

## परिच्छेद —२

## आपूर्ति श्रृंखला व्यवस्थापन

३. **आपूर्ति श्रृङ्खला व्यवस्थापन समितिः** (१) आपूर्ति श्रृंखलालाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि देहाय बमोजिमको प्रदेशस्तरीय आपूर्ति श्रृंखला व्यवस्थापन समिति गठन हुनेछ ।

(क) निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र — अध्यक्ष

(ख) निर्देशक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी, स्वास्थ्य निर्देशनालय — सदस्य

(ग) प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य

(घ) योजना हेर्ने महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश — सदस्य

(ङ) चिकित्सा सेवा महाशाखा प्रमुख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश — सदस्य

(च) प्रदेश जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य तालिम केन्द्र, क्षयरोग उपचार केन्द्र, संक्रामक तथा सरुवा रोग अस्पताल, स्वास्थ्य कार्यालयहरुबाट आवश्यकता अनुसार प्रतिनिधि — सदस्य

(छ) समितिबाट मनोनित स्वास्थ्य आपूर्ति व्यवस्थापनसँग सम्बन्धीत फार्मेसी अधिकृत/सहायक, आयुर्वेद चिकित्सक, वायोमेडिकल ईन्जिनियर र अन्तरार्ष्ट्रिय गैह्रसरकारी संस्थाका प्रतिनिधिहरु रहने गरी ५ जना — सदस्य

(ज) भण्डार प्रमुख, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र — सदस्य सचिव

(२) आपूर्ति श्रृंखलालाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि देहाय बमोजिमको स्वास्थ्य कार्यालयमा रहने जिल्लास्तरीय आपूर्ति श्रृंखला व्यवस्थापन समिति गठन हुनेछ ।

(क) प्रमुख, स्वास्थ्य कार्यालय — अध्यक्ष

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा, स्वास्थ्य कार्यालय — सदस्य

(ग) प्रमुख, तथ्याङ्क शाखा, स्वास्थ्य कार्यालय — सदस्य

(घ) प्रमुख, स्वास्थ्य शाखा, सम्बन्धित स्थानीय तह — सदस्य

(ङ) समितिबाट मनोनित स्वास्थ्य आपूर्ति व्यवस्थापनसँग सम्बन्धीत फार्मेसी अधिकृत/सहायक र अन्तरार्ष्ट्रिय गैह्रसरकारी संस्थाका प्रतिनिधिहरु २ जना सदस्य

(च) भण्डार प्रमुख, स्वास्थ्य कार्यालय — सदस्य सचिव

(३) आपूर्ति श्रृंखलालाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि देहाय बमोजिमको सम्बन्धित अस्पतालमा रहने जिल्लास्तरीय आपूर्ति श्रृंखला व्यवस्थापन समिति गठन हुनेछ ।

(क) प्रमुख, सम्बन्धित अस्पताल — अध्यक्ष

(ख) प्रमुख, प्रशासन शाखा, सम्बन्धित अस्पताल — सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, सम्बन्धित अस्पताल — सदस्य

(घ) प्रमुख, तथ्यांक (मेडिकल रेकर्ड) शाखा, सम्बन्धित अस्पताल — सदस्य

(ङ) प्रमुख, फार्मेसी शाखा, सम्बन्धित अस्पताल — सदस्य

(च) भण्डार प्रमुख, सम्बन्धित अस्पताल — सदस्य सचिव

(४) आपूर्ति श्रृंखलालाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि देहाय बमोजिमको आयुर्वेद कार्यालय/औषधालयमा रहने जिल्लास्तरीय आपूर्ति श्रृंखला व्यवस्थापन समिति गठन हुनेछ ।

(क) प्रमुख, सम्बन्धित जिल्लाको आयुर्वेद कार्यालय/औषधालय — अध्यक्ष

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा, सम्बन्धित आयुर्वेद कार्यालय/औषधालय — सदस्य

(ग) प्रमुख, सम्बन्धित प्राविधिक शाखा, आयुर्वेद कार्यालय/औषधालय — सदस्य

(घ) भण्डार प्रमुख, आयुर्वेद कार्यालय/औषधालय — सदस्य सचिव

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

४. **आपूर्ति श्रृङ्खला व्यवस्थापन समितिको लक्ष्यः** दफा ३ बमोजिम गठन भएको समितिको लक्ष्य प्रदेश र स्थानीय तहमा अत्यावश्यक औषधी तथा कार्यक्रमको लागि तोकिएका स्वास्थ्य सामग्री निर्बाध रूपमा सेवाप्रदायक संस्थामा बर्षैभरि निरन्तर उपलब्धताको सुनिश्चितता गर्न सहजीकरण गर्ने हुनेछ ।

५. **आपूर्ति श्रृङ्खला व्यवस्थापन समितिको उद्देश्यः** दफा ३ बमोजिम गठन भएको समितिको उद्देश्य देहाय बमिजमको हुनेछ ।

(क) प्रदेश स्तरमा आपूर्ति श्रृंखला व्यवस्थापन कार्यका लागि आवश्यक योजना तर्जुमा, खरिद, भण्डारण, वितरण, पुनरावलोकन, मूल्याङ्कन, समन्वय आदि कार्यमा सहजीकरण गर्ने।

(ख) आपूर्ति श्रृंखला व्यवस्थापन प्रणालीमा रहेका कमी कमजोरी पहिचान गरी, समस्या एवं चुनौतीको समाधानका लागि सरोकारवाला निकायहरुबीच आवश्यक समन्वय, सहजीकरण गर्ने।

(ग) प्रदेश र जिल्ला तहको आपूर्ति श्रृंखला व्यवस्थापन सम्बन्धी क्षमता विस्तार गर्नुका साथै स्वास्थ्य सामग्री आपूर्ति व्यवस्थापन सूचना प्रणाली, स्वास्थ्य सामग्रीको प्रक्षेपण तथा परिमाण निर्धारण जस्ता कार्यमा आवश्यक सहजीकरण गर्ने।

६. **आपूर्ति श्रृङ्खला व्यवस्थापन समितिको बैठकः** (१) समितिको बैठक हरेक चौमासिक रुपमा न्यूनतम एक पटक वा आवश्यकता अनुसार समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनु पर्नेछ ।

(२) समितिको बैठक बोलाउँदा सदस्य सचिवले एजेन्डा सहित कम्तिमा २४ घण्टा अगाडी समितिका सबै सदस्यहरुलाई खबर गर्नुपर्नेछ ।

(३) बैठकमा छलफलको प्रकृति अनुसार सम्बन्धीत विषयका विज्ञ, स्वास्थ्य आपूर्ति व्यवस्थापन क्षेत्रसँग सम्वन्धित अन्य संस्था, समूह वा संजालका प्रतिनिधिहरूलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## परिच्छेद —३

## <u>आपूर्ति श्रृंखला व्यवस्थापन समितिको कार्यविवरण</u>

७. **<u>आपूर्ति श्रृंखला व्यवस्थापन समितिको कार्यविवरणः</u>** दफा ३ बमोजिम गठन भएको आपूर्ति श्रृंखला व्यवस्थापन समितिको कार्यविवरण देहाय बमोजिम रहेको छः

(१) आपूर्ति श्रृंखला व्यवस्थापन सम्बन्धमा भएका सुधारका कार्य तथा प्रदेशस्तरमा अत्यावश्यक औषधीहरू एवं सबै किसिमका स्वास्थ्य सामग्री प्रवाहको पुनरावलोकन एवं आवश्यक प्रक्षेपण तथा सिफारिस गर्न, चौमासिक तथा वार्षिक समीक्षा बैठकको आयोजना गर्न सहयोग गर्ने।

(२) आपूर्ति श्रृंखला व्यवस्थापनसँग सम्बन्धीत वार्षिक योजना, योजना तर्जुमा गर्नुका साथै अत्यावश्क औषधीहरू एवं सबै किसिमका स्वास्थ्य सामग्रीहरुको खरिद, भण्डारण, वितरण र ढुवानीको चुस्त-दुरुस्त र प्रभावकारी प्रबन्ध मिलाउन सहयोग गर्ने।

(३) आवश्यकता अनुसार विद्युतीय आपूर्ति श्रृंखला व्यवस्थापन सूचना प्रणालीलाई पुनरावलोकन गरी अद्यावधिक गर्न सहयोग गर्ने तथा आपूर्ति श्रृंखला व्यवस्थापन प्रणालीमा आइपर्ने गम्भीर समस्या जस्तै सामग्रीको शून्य मौज्दात, अत्याधिक मौज्दात, वितरणमा असन्तुलन हुन नदिन आवश्यक सहजीकरण गर्ने।

(४) आपूर्ति श्रृंखला व्यवस्थापनका विविध पक्षमा प्राविधिक दक्षता हासिल गर्न सम्बन्धीत निर्देशिका वा मापदण्ड अनुसार कर्मचारीको कार्यविवरण, कार्य मापदण्ड एवं स्तरीकरण, संस्थागत तालिम, अनसाइट कोचिङ्ग मेन्टरिङ्ग लगायत प्राविधिक विशेषज्ञता प्रदान गर्न सहयोग, सहजीकरण गर्ने।

(५) आपूर्ति श्रृंखला व्यवस्थापनका लागि आवश्यक जनशक्ति विकासका साथै कार्यस्थलमा सिकाई अभ्यासका निम्ति सहयोग गर्नुका साथै आपूर्ति श्रृंखलालाई समय सापेक्ष पार्न आवश्यक पर्ने जनशक्ति एवं सो को निरन्तर विकास, आवश्यक ज्ञान, सीप र दक्षताको पहिचान गरी प्रतिस्पर्धी र क्षमतायुक्त बनाउन सहयोग गर्ने।

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

(६) अत्यावश्क औषधीहरू एवं स्वास्थ्य सामग्रीहरूको आपूर्ति श्रृंखला सुधारका लागि सरोकारवालाहरूको चासोका सम्बन्धमा वकालत गर्नु साथै विकास साझेदारहरुसँग आपसी सहयोग र समन्वय गर्ने।

(७) आपूर्ति श्रृंखला व्यवस्थापनमा सुधार ल्याउनाका लागि नबिनतम कार्यको पहिचान र अवलम्बन गर्नु/गराउनुका साथै कुशल अभ्यास एवं प्रक्रिया बसाउन सहकार्य गर्ने।

(८) आपूर्ति श्रृंखलासँग जोडिएका सफलताका कथा, सिकाइ उपलब्धिहरू पहिचान गरी व्यवहारमा लागू गर्ने ।

(९) आपूर्ति श्रृंखला व्यवस्थापनमा भएका कमी कमजोरीहरूको लेखाजोखा एबं मूल्याङ्कन गरी सुधारका लागि सुझाव दिनुका साथै सम्बन्धीत नीति, रणनीति एवं निर्देशिकाको पुनरावलोकन गरी सुधारका लागि सुझाव दिने।

## परिच्छेद–४

## विविध

८. **बाधा अडकाउ फुकाउने अधिकारः** यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा भएमा मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

९. **प्रचलित कानून वमोजिम हुनेः** प्रचलित कानूनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

१०. **संशोधनः** मन्त्रालयले यस मापदण्डमा आवश्यक संशोधन र परिमार्जन गर्नसक्नेछ।

स्वीकृत मिति: २०८८/०३/१६

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल